नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(..................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

४१/०७२



मिति : ..................

१०. विभिन्न मुलुक एवं अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरूबाट खोज तथा उद्धार कार्यमा उपयोगी साधन एवं राहत सामग्री भन्सार नाकाबाट नियमानुसार जाँचपास गरी शीघ्र प्रवेशको व्यवस्था मिलाउनुका साथै त्यस्ता खोज तथा उद्धारका मालसामानमा लाग्ने भन्सार महसुललगायतका दै-दस्तुर छूट दिने सम्बन्धमा देहायबमोजिम गर्नेः

क) नेपाल सरकार तथा संयुक्त राष्ट्रसङ्घबीच आपत्कालीन अवस्थामा राहत खेप (Relief Consignment) एवं राहतकर्मीको साथका सामानको छिटो आयात, निर्यात र पारवहन व्यवस्थासम्बन्धी ३१ मे २००७ मा सम्पन्न ढाँचा सम्झौता (Model Agreeement) को धारा २ तथा अन्यत्र उल्लेख भएबमोजिम संयुक्त राष्ट्रसङ्घीय राहत कार्यमा संलग्न निकायहरू वा सोही सम्झौताको अनुसूचीको ढाँचामा मानवीय मामिलाका लागि संयुक्त राष्ट्रसङ्घीय समन्वयकर्ताको कार्यालयबाट प्रदत्त प्रमाणपत्रधारी सरकारी, गैरसरकारी, अर्धसरकारी सङ्गठनहरू एवं ती निकायहरूबाट करार बन्दोबस्त गरिएका ढुवानीकर्ताको हकमा धारा ३.३ बमोजिम छूट दिने,

ख) द्विपक्षीय सहायताअन्तर्गत विभिन्न मुलुक, सरकारी निकाय एवं अन्य सङ्गठनबाट उपलब्ध गराइने उद्धार एवं राहत सामग्री सम्बन्धी सहायता स्वीकार गर्ने प्रयोजनका लागि गृह मन्त्रालयका सहसचिवको संयाजकत्वमा अर्थ मन्त्रालयका सहसचिव, परराष्ट्र मन्त्रालयका सहसचिव, त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालय प्रमुख र नेपाली सेनाका प्रतिनिधि रहेको संयुक्त कार्यसञ्चालन टोली गठन गर्ने । सो टोलीले औचित्य हेरी पूर्वस्वीकृति दिने र सोहीबमोजिमका सहायता स्वीकार गर्ने र

ग) खण्ड (ख) बमोजिम स्वीकृतिपत्र नै नलिएका वा प्रदत्त स्वीकृतिपत्रमा उल्लेख नभएका वा उल्लेख हुन छुटेका साधन वा राहत सामग्रीका हकमा खण्ड (ख) मा उल्लिखित टोलीले औचित्यका आधारमा निर्णय गर्ने ।

११. भूकम्पको कारणबाट चोटपटक लागेका व्यक्तिहरूलाई सार्वजनिक, सामुदायिक र निजी अस्पतालसमेतबाट सम्पूर्ण आकस्मिक उपचारको व्यवस्था निःशुल्क गर्ने ।

१२. उद्धार कार्यका लागि अधिकतम सङ्ख्यामा सरकारी तथा गैरसरकारी क्षेत्रका क्रेन, डोजरजस्त अन्य उपकरणहरूको व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तत्काल मिलाउने ।

१३. खाद्यान्न, औपधी, पानी, आवास र अन्य अत्यावश्यक वस्तुको नियमित आपूर्तीको व्यवस्था वाणिज्य तथा आपूर्ती मन्त्रालय, सहरी विकास र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने ।

१४. सबै सरकारी तथा निजी हेलीकप्टरहरूलाई आपत्कालीन उद्धारमा संलग्न गराउने व्यवस्था संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने ।

४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०३३, ४२११०२१, ४२११०३८
४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४३, पो.ब.नं. २३३१२ काठमाडौं नेपाल